# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४५) काठमाडौं, कार्तिक १ गते २०५२ साल (अतिरिक्ताङ्क २७

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय उद्योग मन्त्री श्री ढुण्डीराज शास्त्री एशिया तथा प्रशान्त क्षेत्रका उद्योग मन्त्रीहरूको क्षेत्रीय बैठकमा भाग लिन २०५२ साल कात्तिक १ गते भारतको नयाँ दिल्लीतर्फ जानुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको उद्योग मन्त्रालयको कार्यभार प्रधानमन्त्रीले गर्ने कार्यहरू गर्ने माननीय मन्त्रीको सिफारिशमा माननीय सूचना तथा संचार मन्त्री श्री चिरञ्जीवी वाग्लेले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय कृषि मन्त्री श्री पद्मसुन्दर लावती रोममा आयोजना हुने एफ. ए. ओ. को २८ औं महाधिवेशनमा भाग लिन २०५२ साल कात्तिक १ गते त्यसतर्फ जानुभए- कोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनुभएको कृषि मन्त्रालयको कार्यभार प्रधानमन्त्रीले गर्ने कार्यहरू गर्ने माननीय मन्त्रीको सिफारिशमा माननीय आवास तथा भौतिक योजना मन्त्री श्री बालाराम घर्ती मगरले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।